# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

# सटर/कोठा/टहरा नामसारी सूचना

प्रकाशित मिति : २०७८/१२/०४

बिर्तामोड नगरपालिकाको स्वामित्वमा रहेका साविक अनारमनी गा.वि.स.वडा नं.३ हाल बिर्तामोड नगरपालिका वडा नं.५ स्थित बुधबारे बजारका सटर/कोठा/टहरा/स्टलहरु यस नगरपालिकासँग साविक सम्झौता गर्नेहरुबाट हाल व्यापार/व्यवसाय गरिरहेका व्यक्तिको नाममा एकपटक दस्तुर लिई नामसारी हुने व्यवस्थाका लागि मिति २०७८ साल मंसिर १६ गतेको कार्यपालिकाबाट निर्णय भएको हुदाँ नामसारी गर्नुपर्ने सटर/कोठा/टहरा/स्टलहरु नामसारीको लागि देहायका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालयमा निवेदन दिनहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. साविक सम्झौता गर्ने व्यवसाय धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. साविक व्यक्तिले नगरपालिकासँग गरेको सम्झौता पत्र
३. हाल व्यापार व्यवसाय गर्ने व्यक्तिको नागरिकताको प्रतिलिपी
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५. नामसारी गर्न दुवैपक्ष मन्जुर भएको सवन्धित वडाबाट प्रमाणित कागजात पत्र एक प्रति सक्कल
६. नामसारी वापत नगरपालिकाले तोकेको दस्तुर तिरेको रसिदको प्रतिलिपी
७. नामसारी हुने व्यक्तिको पार्सपोर्ट साईजका फोटो ३ (तीन) प्रति
८. साविकका सम्झौताका शर्तहरुमा कुनै फेरबदल हुने छैन।
९. साविक सम्झौता गर्ने व्यक्ति र हाल नामसारी हुनुपर्ने व्यक्ति स्वयम उपस्थित हुनुपर्ने।

प्रमुख प्रशासकिय अधिकृत